# प्रेस विज्ञप्ति

आज मिति २०७५।१२।०५ गते मंगलबारका दिन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा जनवादी गणतन्त्र चीनको अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (सी.एच.आई.डि.सी.ए.) का प्रतिनिधि मण्डलसंग अर्थ मन्त्रालयमा दुई पक्षीय छलफल भयो । चिनीयाँ प्रतिनिधि मण्डलको नेतृत्व उक्त संस्थाका उपाध्यक्ष (उपमन्त्री) देङ्ग वोकिङले गर्नु भएको थियो ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले चिनीयाँ प्रतिनिधि मण्डललाई स्वागत गर्दै नेपाल र जनवादी गणतन्त्र चीन बीचको सदियौं लामो दुई पक्षीय सम्बन्धको बारेमा प्रकाश पार्नु भएको थियो । सो अवसरमा उहाँले चीन कूल ग्राहस्थ उत्पादनको दृष्टिकोणले मात्र ठूलो देश नभई अन्तर्राष्ट्रिय विकासमा खेलेको नेतृत्वदायी भूमिकाबाट समेत ठूलो रहेको प्रसंग स्मरण गर्दै जनवादी गणतन्त्र चीनको सकृयतामा स्थापना र संचालन भएको एशियन पूर्वाधार लगानी बैंक (ए.आई.आई.वि.) र वेल्ट एण्ड रोड ईनिसिएटिभको प्रशंसा गर्दै यसले एशियाली मुलुकहरुको विकासमा सकारात्मक योगदान पुग्ने धारणा ब्यक्त गर्नुभयो ।यसैगरी नेपालमा यही चैत्र १४ र १५ गते आयोजना हुन गइरहेको लगानी सम्मेलनमा चिनीया पक्षको उल्लेखनीय सहभागिता र लगानी हुने विश्वास ब्यक्त गर्दै नेपालको विकासमा ठूला स्तरका परियोजना कार्यान्वयन गर्न र द्रुततर विकासमा नेपालले सामाना गरिरहेको वित्तीय अभाव पुरा गर्नमा जनवादी गणतन्त्र चीन सरकारको पूर्ण सहयोग हुने अपेक्षा समेत राखु भयो ।उच्च प्रविधि आवश्यक पर्ने टनेल, सडक, रेल्वे लगायत अन्य पूर्वाधार विकासका क्षेत्रमा जनवादी गणतन्त्र चीन सरकारको सहयोग महत्वपूर्ण हुने प्रसंग समेत ब्यक्त गर्नुभयो ।

सो कार्यक्रममा अर्थ सचिव डा. राजन खनालले जनवादी गणतन्त्र चीन सरकारको तर्फबाट नेपालमा संचालन भएका परियोजनाहरुको अवस्था बारे प्रकाश पार्दै आगामी दिनमा संचालन गरिने प्रस्तावित परियोजनाहरुको बारेमा जानकारी दिनु भएको थियो ।

जनवादी गणतन्त्र चीनको अन्तर्राष्ट्रिय विकास सहयोग संस्थाका उपमन्त्री देङ्ग वोकिङले चीनको विकास एकल प्रयासमा मात्र संभव नभई नेपाल लगायत अन्य छिमेकी मुलुकहरुको सद्भाव र सहयोग समेत रहेको चर्चा गर्नु भयो । सोही अवसरमा जनवादी गणतन्त्र चीन सरकारको तर्फबाट प्रदान भईरहेका अनुदान सहयोग, ब्याज रहित ऋण, सहुलियतपूर्ण ऋण, ब्यापारिक ऋण तथा अन्य सहयोगको बारेमा प्रकाश पार्दै परियोजनाको प्रकृति र नेपालको आवश्यकता अनुसार विभिन्न सहयोग परिचालन गर्न एवं नेपालको विकासमा जनवादी गणतन्त्र चीन सरकारको निरन्तर सहयोग रहने धारणा ब्यक्त गर्नुभयो ।

यसैगरी विगतका अनुभवका आधारमा आगामी दिनमा संचालन गरिने परियोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन दुवै पक्षले आ-आफ्नो क्षेत्रमा सुधार गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो ।उक्त कार्यक्रममा नेपालको तर्फबाट अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री लालशंकर घिमिरे लगायत अर्थ मन्त्रालय तथा परराष्ट्र मन्त्रालका उच्च पदाधिकारीहरुको उपस्थिति रहेको थियो भने नेपालका लागि जनवादी गणतन्त्र चीनका महामहिम राजदुत होउ याङ्की र उक्त संस्थाका उच्च पदस्थ पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

चैत्र ०५, २०७५

अर्थ मन्त्रालय, सिंहदरबार ।

उत्तर कुमार खत्री

प्रवक्ता